**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिजीफलाटे,ओखलढुंगा**
**१ नं. प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**खण्ड ४ संख्या ५ स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/०६/२५**

**भाग २**

## प्रस्तावना

खिजीदेम्वा गाउँपालिका क्षेत्र भित्र संचालित एव संचालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन,व्यवसाय संचालनमार्फत गाँउपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन स्वच्छ,मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धन मार्फत उपभोक्ताको हितसंरक्षण गर्न साथै स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ बमोजिम गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरको छ ।

# खिजीदेम्वा गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७७

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०६/१३, प्रमाणिकरण मिति : २०७७/०६/१६**

## परिच्छेद- १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम खिजीदेम्वा गाँउपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि-२०७७" रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "**कार्यालय**" भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) "**शाखा**" भन्नाले यस खिजीदेम्वा गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) "**वडा कार्यालय**" भन्नाले यस खिजीदेम्वा गाउँपालिका अन्तर्गतका ५ वटै वडा कार्यालयहरु सम्झनु पर्नेछ ।

(घ) " **अध्यक्ष**" भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) "**उपाध्यक्ष**" भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) "**कार्यपालिका सदस्य**" भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्नेछ ।

(ज) "**वडा समिति**" भन्नाले यस खिजीदेम्वा गाउँपालिकाको ९ वटै वडाका समितिहरु सम्झनुपर्नेछ ।

(झ) "**व्यवसायी**" भन्नाले यस खिजीदेम्वा गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी,व्यक्ति वा संस्था सम्झनुपर्नेछ ।

(ञ) " **कार्यविधि** " भन्नाले **"व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि– २०७७"** सम्झनुपर्नेछ ।

(ट) **" प्रमाणपत्र जारी गर्ने अधिकारी"** भन्नाले दफा ८ बमोजिमको प्रमाणपत्र जारी गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्दछ ।

**३. क्षेत्र :** यस खिजीदेम्वा गाउँपालिकाको क्षेत्र भित्र पर्ने सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

**४. विषयगत क्षेत्र :** विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य सामाग्रीहरु खाद्यन्न,थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय

(ग) पशुपंक्षीपालन फर्म

(घ) नर्सरी

(ङ) उच्च मूल्य बनस्पती उत्पादन तथा प्रशोधन केन्द्र

(च) उद्योग तथा कलकारखाना

(छ) कृषि फर्म

(ज) औषधि पसल

(झ) वर्कशप, ग्यारेज र

(ञ) निर्माण व्यवसायी आदी ।

(ट) कृषि उपज संकलन केन्द्र तथा ढुवानी सेवा

(ठ) दुग्धजन्य पदार्थ उत्पादन तथा बिक्री

(ड) भेटेरिनरी

(ढ) फर्निचर कारखाना, तथा माथि उल्लेख गरिएका भन्दा बाहेक व्यवसायहरु आदि

## परिच्छेद- २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

**५.व्यवसाय संचालन सम्बन्धि व्यवस्था तथा शर्तहरु**

**यस खिजीदेम्वा गाउँपालिका भित्र दर्ता भई संचालन हुने व्यवसायहरुले देहायका शर्तहरुको अधिनमा रहि कार्य गर्नु पर्नेछ ।**

(१) कुनै पनि व्यवसायिले कुनै व्यवसाय संचालन गर्दा आफूले संचालन गर्ने व्यवसायको लागि आवश्यक पूर्वाधार तथा मापदण्ड पूरा गर्ने शर्तमा व्यवसाय संचालन गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम संचालन गर्ने व्यवसाय व्यवसायी स्वंयम र सेवाग्राहीहरुका लागि स्वस्थ,सफा, सुरक्षित भएको हुनु पर्नेछ ।

(३) व्यवसाय संचालन गर्दा आफ्नो व्यवसायमा बैज्ञानिक नापतौलको व्यवस्था गर्नु पर्नेछ ।

(४) व्यवसाय अनुसार आवश्यक भौतिक पूर्वाधार संचालन, भण्डारण कोठा तथा त्यसको उपयुक्त सुरक्षा प्रवन्ध,घेरावारा आदिको उचित प्रबन्ध गर्ने ।

(५) कुनै पनि व्यवसाय संचालन गर्दा त्यसबाट उत्पन्न प्रदुषित एवं फोहोरजन्य बस्तुको व्यवस्थापन गर्ने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(६) सर्वसाधरण आम उपभोक्तहरुले देख्ने गरी मूल्य सूचीको व्यवस्था गरिएको हुने पर्नेछ ।

(७) जुन व्यवसाय संचालन गर्ने इजाजत प्राप्त भएको भएको हो सोही व्यवसायसंग सम्बन्धित बस्तु तथा सेवा उत्पालन तथा विक्रि वितरण गर्नु पर्ने छ ।

(८) खाद्य तथा गुणस्तर ऐनले तोक बमोजिम सवै शर्तहरु पुरा गर्ने गरी संचालन गर्नु पर्नेछ ।

(९) आफुले संचालन गर्ने व्यवसायको स्तर अनुसार पान नं. तथा भ्याटमा दर्ता गराउनु पर्ने भए सोही बमोजिम सम्बन्धित कार्यालयबाट पान नं. तथा भ्याटमा दर्ता गराउनु पर्ने छ ।

(१०) व्यवसाय संचालन गर्नु पूर्व व्यवसाय दर्ता गर्ने इजाजत पत्र प्राप्त गरेको हुनु पर्ने वा संचालन गरेको एक महिना भित्र गाउँपालिकाबाट व्यवसाय संचालन सम्बन्धि इजाजत पत्र अर्थात प्रमाणपत्र प्राप्त गर्नु पर्नेछ ।

(११) गाउँपालिका भित्र संचालन गरिने कुनै पनि व्यवसाय गाउँपालिकाले नै दर्ता गर्ने हकमा सोही बमोजिम र अन्यको हकमा गाउँपालिका भित्र व्यवसाय संचालन गर्नका लागि गाउँपालिकाको इजाजत पत्र वा प्रमाणपत्र लिएको हुनु पर्ने छ ।

**६. व्यवसाय दर्ता प्रकृया :**

**(१) व्यवसाय दर्ता गर्नुपर्ने :-** प्रत्येक व्यवसायीले सम्वन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिकामा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

**(२) सूचना प्रकाशन गरिने :-** व्यवसाय दर्ताको लागि आवश्यक सूचना स्थानिय संचारका कुनै पनि माध्यम बाट प्रकाशन गरिनेछ ।

**(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने :-** स्थापना भई संचालनमा रहेका सम्पूर्ण व्यवसायीले यो कार्यविधि लागु भए पछि अनिवार्य दर्ता गराई सक्नु पर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

**७.दर्ताका लागि आवश्यक कागजातहरु :**

**७ (१)** व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा गाँउ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(क) हालसालै खिचेको २ प्रति फोटो

(ख) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(ग) वडा कार्यालयको सिफारिस

(घ) व्यवसाय संचालन हुने घर जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(ङ) अर्काको नाममा घर जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(च) उद्योगको हकमा सँधियारको मञ्जुरीनामा ।

(छ) उद्योग वाणिज्य संघको सिफारिस पत्र

**८. इजाजत पत्र वा प्रमाणपत्र सम्वन्धी व्यवस्था :**दफा ७(१) मा व्यवस्था भए बमोजिमकाको मापदण्ड तथा शर्तहरु तथा कागजातहरु प्राप्त भईसके पश्चात तोकिएको दस्तुर लिई गाउँपालिकाले **अनुसूची-१** बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ । प्रमाण पत्र जारी गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी हुनेछ ।

**९.व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था :-** प्रत्येक व्यवसायीले प्रत्येक आर्थिक बर्षको असार मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिका बाट नविकरण गरि सक्नुपर्नेछ । व्यवसाय नवीकरण को प्रमाणपत्र कार्यालयले व्यवस्था गरेबमोजिम हुनेछ ।

**१०. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था :-** (१) व्यवसाय दर्ता/नविकरण सम्वन्धी शुल्क/दस्तुर खिजीदेम्वा गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

(२) व्यवसाय दर्ता /नविकरण शुल्कमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार पुनरावलोकन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता /नविकरण शुल्क सम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद- ३

**११.बजार अनुगमन सम्वन्धी व्यवस्था :-** (१) कुनै पनि व्यवसायीले संचालन गरेको कुनै व्यवसाय ऐन, नियम, कार्यविधि, निर्देशिका बमोजिम संचालन भए नभएको जाँच गर्नका लागि अनुगमन गर्न सकिने छ ।

(२) उपदफा १ बमोजिम बजार अनुगमन गर्न यस खिजीदेम्वा गाउँपालिकामा गठित बजार अनुगमन समितिबाट अनुगमन गरिनेछ साथै बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था खिजीदेम्वा गाँउपालिका बजार अनुगमन निर्देशिका, २०७७" बमोजिम हुनेछ ।

**१२. दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्था :-** खिजीदेम्वा गाँउपालिका बजार अनुगमन निर्देशिका, २०७७" मा भएको व्यवस्था प्रतिकूल कार्य गरेमा सोही बमोजिम तथा देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

(ग) कालाबजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रिहरु बेचविखन गरेमा

(छ) प्रदुषित,फोहोर सामाग्रिहरु बेचविखन गरेमा

(ज) दर्ता नगरी व्यवसाय संचालन गरेमा

(झ) तोकिएको मापदण्ड पूरा नगरेमा

(ञ) विद्यमान ऐन कानुन, नियम निर्देशिकाको पालना नगरेमा

(ट) एक प्रकारको दर्ता गराई थप अन्य प्रकारका बस्तु तथा सेवाहरु वेचविखन गरेमा

१२.१. दफा १२ बमोजिमको व्यवस्थाको हकमा व्यवसायीले मापदण्ड उलंघन गरेको प्रकृतिको आधारमा व्यवसायीबाट माग भएमा व्यवसायको प्रकृतिको आधारमा एक पटकमा १५ दिनको समयावधिमा ३ पटक सम्म सुधार गर्न समय उपलब्ध गराउन आवश्यक ठहर भएमा त्यस्तो समय उपलव्ध गराउन सकिने छ तर त्यसो गर्दा सेवाग्राही वा अन्य कसैलाई नोक्सानी/बाधा पुग्ने वा अन्य कुनै गम्भिर असर पुग्ने कार्य गर्न पाईने छैन ।

**१३.कारबाही र जरिवाना सम्वन्धी व्यवस्था :**

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा आवश्यकता अनुसार प्रथम प्रथम पटक सेचत गरी सोको आधारमा देहाय बमोजिमको जरिवाना गरिनेछ :-

**विवरण जरिवाना**

(क) मूल्यसूची नराखेमा रु. २००।-

(ख) प्रमाणपत्र नराखेमा रु. २००।-

(ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा रु.५००।-

(घ) गुणस्तर हिन सामाग्रीहरु बेचबिखन गरेमा अबस्था हेरी रु १००० देखि रु.१०,०००।-

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचबिखन गरेमा अबस्था हेरी रु १००० देखि रु.१०,०००।-

(च) सामान्य बजार मूल्यस्तर भन्दा चर्को मूल्यमा सामाग्री बेचबिखन गरेमा रु १००० देखि रु.१०,०००।-

(छ) स्वास्थ्यमा प्रतिकुल असर पुग्ने प्रदूषित, फोहोर सामाग्रीहरु बेचबिखन गरेमा रु.१,०००।-

(२) उपदफा (१) बमोजिम सचेत गराउने तथा जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद - ४

## विविध

१५. बाधा अड्काउ सम्बन्धी व्यवस्था : (१) यो कार्य विधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँ कार्यपालिकाले आवश्यक्ता अनुसार व्यवस्था गर्न सक्नेछ ।

१६. विशेष व्यवस्था : माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन, कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

१७. माथि जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो नाममा आफैले व्यवसाय संचालन गर्ने भएमा त्यस्तो व्यवसायको दर्तामा लाग्ने शुल्कमा पूर्ण रुपमा छुट गरिने छ तर त्यस्तो व्यवसायीलाई वार्षिक नवीकरण दस्तुर एवं सेवा शुल्क भने छुट हुने छैन ।

अनसची १ दफा (८) सँग सम्बन्धित

फोटो

# खिजीदेम्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ओखलढुंगा
## प्रदेश नं.१

दर्ता नं...........                                                                 मिति :...................

## उद्योग/व्यवसाय दर्ताको प्रमाण-पत्र

**करदाता नं.**:.....................
**प्रमाणपत्र नं.**:....................

**प्रस्तुत विषयमा तपाईलाई खिजीदेम्वा गाउँपालिका व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धि कार्यविधि – २०७७ को दफा (८) बमोजिम यो प्रमाण पत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरी मर्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध गरिन्छ ।**

**उद्योग/व्यवसायको नाम** :....................................................
**उद्योग/व्यवसाय गर्ने ठाउँ** :..................................................
**कुल पुँजी रु.**:....................................
**ना.प्र.प.नं.**:......................................

**उद्योग/व्यवसाय सञ्चालकको–**

**नाम** : .................................................
**साविकको ठेगाना** : ..............................................
**हालको ठेगाना** : ................................................
**बाबु/पतिको नाम** : ...........................................
**बाजे/ससुराको नाम** : ..........................................

.................................
**प्रमाणित गर्ने**

**अनुसूचि २**
**दफा ६ सँग सम्बन्धित**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु**
**खिजीदेम्वा गाउँपालिका/वडा कार्यालय**
**गाउँ कार्यपालिकाको कार्यालय**

**<u>विषय : व्यवसाय दर्ता गरी पाँऊ ।</u>**

**महोदय,**

**प्रस्तुत विषयमा मैले तपशिल अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनु हुन अनुरोध छ ।**

**व्यवसायको नाम :-** .......................................................................................

**व्यवसायको प्रकार :-**.......................................................................................

**कुल स्थीर पुँजी :-** ...............................................................................

**व्यवसाय संचालन गर्ने स्थान :-** ............................................................................

**बाबु/पतिको नाम :-**.............................................................................

**बाजे/ससुराको नाम :-**..........................................................................

**<u>संलग्न कागजातहरु</u>**

**१) हालसालै खिचेको २ प्रति फोटो**

**२) नागरिकता प्रमाण पत्रको प्रतिलिपि**

**३) वडा कार्यालयको सिफरिस**

**४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनीको प्रमाण पुर्जाको प्रतिलिपि**

**५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा**

**६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा**

**७) उद्योग वाणिज्य संधको सिफरिस पत्र**

**<u>निवेदक</u>**

नाम :

ठेगाना :

मिति :